विधेयक संख्या :

# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

<u>उद्देश्य र कारण</u>

कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, उपचारको कार्यमा स्वास्थ्य संस्थामा खटिएका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी उपर हुन सक्ने आक्रमणलाई रोकी सम्भावित जोखिम व्यवस्थापन गर्न कसूरको दायरा विस्तार एवं सजायमा समयानुकूल परिमार्जन गर्न आवश्यक रहेकोले यो संशोधन विधेयक पेश गरेको छु।

---------------------

(विरोध खतिवडा)

मन्त्री

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१० कात्तिक २०७८

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था नरहेको ।

# आर्थिक टिप्पणी

स्वास्थ्य संस्थामा खटिएका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी उपर हुन सक्ने आक्रमण एवं स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको तोडफोड वा अन्य कुनै कार्य गरी हानि नोक्सानी पुऱ्याउने व्यक्तिलाई सजाय गरी स्वास्थ्यकर्मीको सुरक्षा एवं स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको संरक्षणको व्यवस्था गरिएको प्रस्तुत विधेयकको कारणबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिदैन ।

# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकको तीनमहले

| क्र.सं. | दफा | मूल ऐनमा भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नाको कारण |
|---|---|---|---|---|
| १. | दफा २. | २. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-<br>(क) "स्वास्थ्यकर्मी" भन्नाले दफा ७ बमोजिम दर्ता भएको स्वास्थ्यकर्मी सम्झनु पर्छ।<br>(ख) "स्वास्थ्य संस्था" भन्नाले दफा ७ बमोजिम दर्ता भएको स्वास्थ्य संस्था सम्झनु पर्छ।<br>(ग) "सुरक्षा" भन्नाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको लागि यस ऐन बमोजिम गरिएको आर्थिक लगायतको अन्य सुरक्षा सम्झनु पर्छ। | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा २ मा संशोधन: स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-<br>(१) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-<br>"(क) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।<br>(ख) "स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित सरकारी अस्पताल, प्रचलित कानून बमोजिम स्थापना भएका वा अनुमति प्राप्त गरी सञ्चानलनमा रहेका गैरसरकारी अस्पताल, निजी अस्पताल, सहकारी अस्पताल, गैरनाफामूलक अस्पताल, सामुदायिक अस्पताल, शिक्षण अस्पताल वा अन्य स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि सञ्चालन गरिएको होल्डिङ् सेन्टर, क्वारेन्टिन, आइसोलेसन वा अन्य यस्तै स्थानलाई समेत जनाउँछ।<br>(२) खण्ड (ग) मा रहेको "स्वास्थ्यकर्मी" भन्ने शब्दको सट्टा "स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्। | स्वास्थ्यकर्मीको साथ साथै स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी समेतलाई समेट्नु पर्ने भएकोले। |
| २. | दफा ३. | ३. हातपात, तालाबन्दी तथा तोडफोड जस्ता कार्य गर्न नहुने: कसैले पनि देहायका कार्य गर्न गराउन हुदैनः-<br>(क) स्वास्थ्य उपचारको बिषयलाई लिई | मूल ऐनको दफा ३ मा संशोधन: मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ-:<br>"३. आगजनी, तोडफोड, कुटपिट वा ताला बन्दी गर्न वा उपचारमा बाधा पार्न नहुने: कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिई | स्वास्थ्य उपचारको क्रममा हुने दुर्घटनावाट सृजित समस्या समाधान गर्न। स्वास्थ्यकर्मी तथा |

| | | | | |
|---|---|---|---|---|
| | | स्वास्थ्यकर्मी लाई घेराउ, अपमानजनक व्यवहार वा हातपात गर्न,<br>(ख) स्वास्थ्य संस्थामा तोडफोड, आगजनी वा यस्तै अन्य कुनै कार्य गर्न । | देहायका कार्य गर्न वा गराउन हुँदैनः-<br>(क) स्वास्थ्य संस्थामा आगजनी गर्न,<br>(ख) स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानि नोक्सानी पुऱ्याउन,<br>(ग) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिक रुपमा चोट पुऱ्याउन,<br>(घ) स्वास्थ्य संस्थामा तालाबन्दी गर्न वा घेराउ गर्न,<br>(ङ) स्वास्थ्य संस्थामा उपचारका लागि आएका वा उपचाररत बिरामीको उपचार गर्ने कार्यमा कुनै किसिमले बाधा पुऱ्याउन, वा<br>(च) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई हातपात गर्न, कुनै किसिमले धम्की दिन, गाली गलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गर्न ।" | स्वास्थ्य संस्थाको सुरक्षाको प्रत्याभूत गर्न। |
| ३. | दफा ४. | ४. <u>सुरक्षा माग गर्न सक्नेः</u> (१) कसैले कुनै स्वास्थ्यकर्मी उपर वा स्वास्थ्य संस्थामा दफा ३ विपरीतको कनै काम कारबाही गरेमा वा गर्न लागेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षाको माग गर्न सक्नेछ।<br>(४) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को,-<br>(१) उपदफा (१) को ठाउँ-ठाउँमा रहेको "स्वास्थ्यकर्मी" भन्ने शब्दपछि "वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्ने शब्दहरु थपिएका छन् ।<br>(२) उपदफा (४) मा रहेको "स्वास्थ्यकर्मी" भन्ने शब्दको सट्टा "स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्ने शब्दहरु राखिएका छन् । | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको साथै अन्य कर्मचारीको समेत सुरक्षा गर्नु पर्ने भएकोले स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीलाई समेटिएको । |
| ४. | दफा ५ | (१) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा समन्वयतात्मक रुपले काम गर्नको लागि देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहेको एक स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति | <u>मूल ऐनको दफा ५ मा संशोधन</u> : मूल ऐनको दफा ५ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको सुरक्षा | समितिमा सबै सरोकारवाला निकाय एवं व्यवसायीक संगठनको प्रतिनिधित्व गराउन आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | गठन हुनेछः-<br>(क) प्रमुख विशेषज्ञ, नीति योजना तथा अनुगमन र गुणस्तर मापन तथा नियमन, मन्त्रालय - अध्यक्ष<br>(ख) प्रतिनिधि, गृह मन्त्रालय - सदस्य<br>(ग) अध्यक्ष, नेपाल चिकित्सक संघ - सदस्य<br>(घ) अध्यक्ष, नेपाल स्वास्थ्य प्राविधिक संघ - सदस्य<br>(ङ) अध्यक्ष, नेपाल आयुर्वेद चिकित्सक संघ - सदस्य<br>(च) अध्यक्ष, नेपाल नर्सिङ संघ - सदस्य<br>(छ) अध्यक्ष, एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूट अफ नेपाल - सदस्य<br>(२) मन्त्रालयको सचिवले तोकेको अधिकृतस्तरको कर्मचारीले समितिको सचिव भई काम गर्नेछ । | सम्बन्धमा समन्वयात्मक रुपले काम गर्नका लागि देहाय बमोजिमको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति गठन हुनेछः-<br>(क) मन्त्रालयको सचिवले तोकेको मन्त्रालयको बाह्रौं तहको कर्मचारी एकजना<br>(ख) मन्त्रालयको सचिवले तोकेको मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख एकजना<br>(ग) प्रतिनिधि (कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी), गृह मन्त्रालय<br>(घ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि ,नेपाल मेडिकल काउन्सिल<br>(ङ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल नर्सिङ परिषद्<br>(च) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल चिकित्सक संघ<br>(छ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल स्वास्थ्य प्राविधिक संघ<br>(ज) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल आयुर्वेद चिकित्सक संघ<br>(झ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल नर्सिङ | |

| | | | | |
|---|---|---|---|---|
| | | | संघ<br>(ञ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, एशोसिएशन अफ प्राईभेट हेल्थ इन्ष्टिच्यूट अफ नेपाल<br>(ट) मन्त्रालयको सचिवले तोकेको मन्त्रालयको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत<br>(२) उपदफा (२) झिकिएको छ । | - सदस्य<br>सदस्य-<br>-सदस्य-सचिव" |
| ५. | दफा ६. | नयाँ व्यवस्था थप। | मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को-,<br>(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-<br>“(घ१) स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको सुरक्षामा प्रतिकूल हुने गरी कुनै स्वास्थ्य संस्थामा घटेका घटनाका सम्बन्धमा जाँचबुझ गर्ने वा गराउने वा अनुसन्धानमा सहयोग पुऱ्याउने,”<br>(२) ठाउँ-ठाउँमा रहेको “स्वास्थ्यकर्मी” भन्ने शब्दको सट्टा “स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी” भन्ने शब्दहरु राखिएका छन् । | स्वास्थ्य संस्थामा घट्ने घटनाको छानविन समेत गर्नु पर्ने भएकोले । |
| ६. | दफा ७. | (१) यस ऐन बमोजिम सुरक्षा प्राप्त गर्न चाहने स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले आफ्नो नाम समितिमा दर्ता गराउनु पर्नेछ। | मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका "यस ऐन बमोजिम सुरक्षा" भन्ने शब्दहरुको सट्टा "दफा ११ र १३ बमोजिमको आर्थिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन् । | विशेष अवस्थामा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई सुरक्षा प्रदान गर्न र सोको कायम रहने |

| | | | | |
|---|---|---|---|---|
| ७. | दफा ८ | (२) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले प्रत्येक वर्ष तोकिए बमोजिमको दस्तुर समितिमा बुझाउनु पर्नेछ। | मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (२) को शुरुमा "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् । | सुरक्षा प्रदान गर्ने स्वास्थ्य संस्थालाई यस ऐनबमोजिम नियमन र व्यवस्थापन गर्न। |
| ८. | दफा ९ | ९. दर्ता किताबबाट नाम हटाउनेः समितिले देहायको अवस्थामा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको नाम दर्ता किताबबाट हटाउनेछ::- | मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ मा रहेका "देहायको अवस्थामा" भन्ने शब्दहरु पछि "दफा ७ बमोजिमका" भन्ने शब्दहरु थपिएका छन् । | सुरक्षा प्रदान गर्ने स्वास्थ्य संस्थालाई यस ऐनबमोजिम नियमन र व्यवस्थापन गर्न। |
| ९. | दफा ११ | (१) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था उपर क्षतिपूर्ति माग गरी अतालतमा दायर भएको मुद्दामा सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले प्रतिरक्षा गर्दा लागेको मनासिब खर्च समितिले व्यहोर्नेछ।<br>(२) उपदफा (१) बमोजिम समितिबाट प्रतिरक्षा सम्बन्धी खर्च माग गर्न चाहने स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले तोकिए बमोजिमको विवरण समितिलाई दिनु पर्नेछ। | मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,-<br>(१) उपदफा (१) को शुरुमा "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् ।<br>(२) उपदफा (२) मा रहेका "माग गर्न चाहने" भन्ने शब्दहरु पछि "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् । | सुरक्षा प्रदान गर्ने स्वास्थ्य संस्थालाई यस ऐनबमोजिम नियमन र व्यवस्थापन गर्न। |
| १० | दफा १३. | (क) कुनै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले उपलब्ध गराएको सेवाको सम्बन्धमा सम्बन्धित व्यक्तिलाई अदालतबाट क्षतिपूर्ति भराइदिने गरी भएको फैसला बमोजिमको रकम भुक्तानी गर्न,<br>(ख) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई विपक्षी बनाई अदालतमा दायर गरिएको मुद्दाको प्रतिरक्षा गर्दा लागेको मनासिब खर्च भुक्तानी गर्न, | मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को खण्ड (क) र (ख) को शुरुमा "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् । | सुरक्षा प्रदान गर्ने स्वास्थ्य संस्थालाई यस ऐनबमोजिम नियमन र व्यवस्थापन गर्न। |
| ११ | दफा १५. | (१) देहायको कसूर गर्ने व्यक्तिलाई देहाय बमिजिम सजाय हुनेछः- | मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः- | सजायमा समय सापेक्ष परिमार्जन एवं फेरवदल गर्नु परेकोले |

| | | | | |
|---|---|---|---|---|
| | | (क) दफा ३ को खण्ड (क) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार पाँचहजार रुपैयादेखि बीसहजार रुपैयासम्म जरिवाना,<br><br>(ख) दफा ३ को खण्ड (ख) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार तीन लाख रुपैयासम्म जरिवाना वा एक महिनादेखि एक वर्षसम्म कैद वा दुबै सजाय । | "१५. कसूर र सजायः (१) कसैले दफा ३ बमोजिमको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ<br><br>(२) कसैले देहायको कसूर गरेमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ -:<br><br>(क) दफा ३ को खण्ड (क) र (ग) बमोजिमको कसूर गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा दुईलाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,<br><br>(ख) दफा ३ को खण्ड (ख) बमोजिमको कसूर गरेमा तीन वर्षसम्म कैद वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,<br><br>(ग) दफा ३ को खण्ड (घ), (ङ) वा (च) बमोजिमको कसूर गरेमा एक वर्षसम्म कैद वा एकलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।<br><br>(३) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिले गरेको काम कारबाहीबाट कुनै स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा स्वास्थ्य संस्थालाई कुनै हानि नोक्सानी भएकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कसूरदारबाट त्यस्तो हानि नोक्सानी बापत मनासिब माफिकको क्षतिपूर्ति समेत भराइदिनु पर्नेछ ।<br><br>(४) उपदफा (३) बमोजिम क्षतिपूर्ति भराउँदा स्वास्थ्य संस्थाको सम्पत्ति | । |

| | | | | |
|---|---|---|---|---|
| | | | तोडफोड, आगजनी वा हानि नोक्सानी गरी क्षति पुऱ्याएकोमा त्यसरी भएको क्षति बराबरको रकम भराउनु पर्नेछ ।” | |
| १२ | दफा १५ क. | नयाँ व्यवस्था थप। | मूल ऐनमा दफा १५क. थप : मूल ऐनको दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-<br>“१५क. पुर्पक्षको लागि थुनामा राख्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम सजाय हुने मुद्दामा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नेछ ।" | अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राखी अनुसन्धान तथा कारबाही गर्न आवश्यक भएकोले । |
| १३. | दफा १६ | दफा ३ को खण्ड (ख) बमोजिमको मुद्दा नेपाल सरकारबादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ। | मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ मा रहेका "दफा ३ को खण्ड (ख) "बमोजिमको भन्ने शब्दहरुको सट्टा "दफा १५ बमोजिमको कसूर सम्बन्धी" भन्ने शब्दहरू राखिएका छन्। | संशोधन अनुकुल गर्नु पर्ने भएकोले। |
| १४. | दफा १७ | १७. हदम्यादः दफा ३ बमोजिमको कसूर भए गरेको मितिले तीन महिनाभित्र नालेस दिनु पर्नेछ। | मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-<br>“१७. हदम्यादः दफा १५ बमोजिमको कसूर भए गरेको मितिले पैंतीस दिनभित्र उजुरी दिनु पर्नेछ।” | संशोधन मिलान गर्न पर्नुका साथै हदम्याद सम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्न आवश्यक भएकोले |
| १५. | दफा १७क | नयाँ व्यवस्था थप। | मूल ऐनमा दफा १७क. थप : मूल ऐनको दफा १७ पछि देहायका दफा १७क. थपिएको छः-”<br>“१७क. मुद्दा हेर्ने अधिकारीः दफा १५ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम सजाय हुने मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ। | मुद्दा हेर्ने अधिकारीको व्यवस्था र पुनरावेदनको अधिकार दिनु पर्ने भएकोले । |

# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा २ मा संशोधनः स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित सरकारी अस्पताल, प्रचलित कानून बमोजिम स्थापना भएका वा अनुमति प्राप्त गरी सञ्चालनमा रहेका गैरसरकारी अस्पताल, निजी अस्पताल, सहकारी अस्पताल, गैरनाफामूलक अस्पताल, सामुदायिक अस्पताल, शिक्षण अस्पताल वा अन्य स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि सञ्चालन गरिएको होल्डिङ् सेन्टर, क्वारेन्टिन, आइसोलेसन वा अन्य यस्तै स्थानलाई समेत जनाउँछ ।"

(२) खण्ड (ग) मा रहेको "स्वास्थ्यकर्मी" भन्ने शब्दको सट्टा "स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. आगजनी, तोडफोड, कुटपिट वा तालाबन्दी गर्न वा उपचारमा बाधा पार्न नहुनेः कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिई देहायका कार्य गर्न वा गराउन हुँदैन :-

(छ) स्वास्थ्य संस्थामा आगजनी गर्न,

(ज) स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानि नोक्सानी पुऱ्याउन,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिक रुपमा चोट पुऱ्याउन,

(ञ) स्वास्थ्य संस्थामा तालाबन्दी गर्न वा घेराउ गर्न,

(ट) स्वास्थ्य संस्थामा उपचारका लागि आएका वा उपचाररत बिरामीको उपचार गर्ने कार्यमा कुनै किसिमले बाधा पुऱ्याउन, वा

(ठ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई हातपात गर्न, कुनै किसिमले धम्की दिन, गाली गलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गर्न ।"

४. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) को ठाउँ-ठाउँमा रहेको "स्वास्थ्यकर्मी" भन्ने शब्दपछि "वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (४) मा रहेको "स्वास्थ्यकर्मी" भन्ने शब्दको सट्टा "स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल ऐनको दफा ५ मा संशोधन</u> : मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा समन्वयात्मक रुपले काम गर्नका लागि देहाय बमोजिमको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति गठन हुनेछः-

(क) मन्त्रालयको सचिवले तोकेको मन्त्रालयको बाह्रौं तहको कर्मचारी एकजना -अध्यक्ष

(ख) मन्त्रालयको सचिवले तोकेको मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख एकजना -उपाध्यक्ष

(ग) प्रतिनिधि (कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी), गृह मन्त्रालय - सदस्य

(घ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ङ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल नर्सिङ परिषद् - सदस्य

(च) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल चिकित्सक संघ - सदस्य

(छ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल स्वास्थ्य प्राविधिक संघ - सदस्य

(ज) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल आयुर्वेद चिकित्सक संघ - सदस्य

(झ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल नर्सिङ संघ - सदस्य

(ञ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, एशोसिएशन अफ प्राईभेट हेल्थ इन्स्टिच्यूट अफ नेपाल -सदस्य

(ट) मन्त्रालयको सचिवले तोकेको मन्त्रालयको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत -सदस्य सचिव"

(२) उपदफा (२) झिकिएको छ ।

६. <u>मूल ऐनको दफा ६ मा संशोधन</u>: मूल ऐनको दफा ६ को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको सुरक्षामा प्रतिकूल हुने गरी कुनै स्वास्थ्य संस्थामा घटेका

घटनाका सम्बन्धमा जाँचबुझ गर्ने वा गराउने वा अनुसन्धानमा सहयोग पुऱ्याउने,"

(२) ठाउँ-ठाउँमा रहेको "स्वास्थ्यकर्मी" भन्ने शब्दको सट्टा "स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका "यस ऐन बमोजिम सुरक्षा" भन्ने शब्दहरुको सट्टा "दफा ११ र १३ बमोजिमको आर्थिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (२) को शुरुमा "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् ।

९. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ मा रहेका "देहायको अवस्थामा" भन्ने शब्दहरु पछि "दफा ७ बमोजिमका" भन्ने शब्दहरु थपिएका छन् ।

१०. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) को शुरुमा "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (२) मा रहेका "माग गर्न चाहने" भन्ने शब्दहरु पछि "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् ।

११. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को खण्ड (क) र (ख) को शुरुमा "दफा ७ बमोजिम दर्ता भएको" भन्ने शब्दहरु थपिएका छन् ।

१२. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. कसूर र सजायः (१) कसैले दफा ३ बमोजिमको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

(२) कसैले देहायको कसूर गरेमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ३ को खण्ड (क) र (ग) बमोजिमको कसूर गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा दुईलाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) दफा ३ को खण्ड (ख) बमोजिमको कसूर गरेमा तीन वर्षसम्म कैद वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ग) दफा ३ को खण्ड (घ), (ङ) वा (च) बमोजिमको कसूर गरेमा एक वर्षसम्म कैद वा एकलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय ।

(३) उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिले गरेको काम कारबाहीबाट कुनै स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा स्वास्थ्य संस्थालाई कुनै हानि नोक्सानी भएकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कसूरदारबाट त्यस्तो हानि नोक्सानी बापत मनासिब माफिकको क्षतिपूर्ति समेत भराइदिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम क्षतिपूर्ति भराउँदा स्वास्थ्य संस्थाको सम्पत्ति तोडफोड, आगजनी वा हानि नोक्सानी गरी क्षति पुऱ्याएकोमा त्यसरी भएको क्षति बराबरको रकम भराउनु पर्नेछ ।"

१३. मूल ऐनमा दफा १५क. थप : मूल ऐनको दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-

"१५क. पुर्पक्षको लागि थुनामा राख्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम सजाय हुने मुद्दामा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नेछ ।"

१४. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ मा रहेका "दफा ३ को खण्ड (ख) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "दफा १५ बमोजिमको कसूर सम्बन्धी" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"१७. हदम्यादः दफा १५ बमोजिमको कसूर भए गरेको मितिले पैंतीस दिनभित्र उजुरी दिनु पर्नेछ।"

१६. मूल ऐनमा दफा १७. थप : मूल ऐनको दफा १७ पछि देहायका दफा १७क. थपिएको छः-

"१७क. मुद्दा हेर्ने अधिकारी : दफा १५ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम सजाय हुने मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।